का.जि.प्र.का.द.नं. १००/०५९/६०

२९ भदौ २०७९,

बुधबार

14 September 2022,

Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २२१ । पृष्ठ १२

Madhyanha National Daily

www.madhyanhadaily.com



## चोलेन्द्रको भावनात्मक बयान

# बृहस्पति एक्लै हुँदो रहेछ

### भन्छन्- म एक्लो दोषी कसरी हुन सक्छु ?

निलम्बित प्रधानन्यायाधीश जबराले पाँच दिन लगाएर दिएको बनाउनमा आफु नेपाली समाजकै उत्पादन भएको जिकिर गरे । आफुमाथि लागेका प्रत्येक अभियोगमा संलग्न अर्को पात्रको नाम लिए । उनको एउटै निचोड छ- म एक्लो दोषी कसरी हुन सक्छु ?

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २८ भदौ ।

निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरासँगको एकसरो बयान सकिएको छ । १५ भदौ २०७९ बाट प्रतिनिधिसभाको महाअभियोग सिफारिस समितिले जबरासँग बयान लिन सुरु गरेको थियो । मंगलबारसम्म पाँच दिन समितिको बैठकमा उपस्थित भएर जबराले बयान दिए ।

जेष्ठ सदस्यको हैसियतमा महाअभियोग सिफारिस समितिको सभापतित्व गर्दै आएका राम बहादुर बिष्टका अनुसार जबरासँगको एकसरो बयान सकेकाले अब बयानका क्रममा निलम्बित प्रधानन्यायाधीश जबराले नाम लिएका व्यक्तिहरुसँग छलफल हुनेछ । तर, जबराले बयानका क्रममा नाम लिएका सबै पात्रहरुलाई भने महाअभियोग सिफारिस समितिले बोलाउने छैन् । बहालवाला न्यायाधीश र पूर्व प्रधानमन्त्री र बहालवाला प्रधानमन्त्री बाहेकका जबराले नाम लिएका पात्रहरुसँग जबराले लगाएको आरोपबारे महाअभियोग सिफारिस समितिले छलफल गर्नेछ । जेष्ठ सदस्य बिष्ट भन्छन्, 'बयानका क्रममा जसजसको नाम सम्माननीय प्रधानन्यायाधीश जबराले उल्लेख गर्नुभएको छ, समितिले आवश्यक ठह्र्याएका, कानुनले दिएका र आवश्यक देखिएका व्यक्तिहरुलाई बोलाउँछौं ।' उनीहरुलाई बुधबार पत्राचार गर्ने र अनुकुलता हेरेर छिटो भन्दा छिटो बलाएर छलफल गर्ने समितिको तयारी छ । साथसाथै, जबरासँग प्रतिप्रश्न सोध्ने पनि महाअभियोग सिफारिस समितिको तयारी छ ।

जबराले बयानका क्रममा नाम लिएकाहरुसँग समितिले छलफलको आवश्यकता किन महसुस गर्‍यो ? यसबारे आम चासो छ । समिति सदस्यहरुका अनुसार जबराले आरोपको प्रत्यारोपमा जबराले अन्य पात्रको नाम मात्रै लिएका छैनन्, नामसँगै ती व्यक्तिहरुमाथि सार्वजनिक रुपमा समेत प्रश्न उठाइदिएका छन् । निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले पाँच दिन लगाएर दिएको बयानमा पटक-पटक आफु नेपाली समाजकै उत्पादन भएको जिकिर गरे । आफुमाथि लागेका प्रत्येक अभियोगमा संलग्न अर्को पात्रको नाम लिए । उनको एउटै निचोड छ- म एक्लो दोषी कसरी हुन सक्छु ? तर आफुलाई एक्लो बनाउने प्रयास भएको भन्दै उनले भावनात्मक अभिव्यक्ति पनि बयानमा दिएका छन् । मंगलबारको बयानका क्रममा प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नाम आफुमाथि लागेका बिभिन्न अभियोगमा जोडेका थिए । मुलुकको नेतृत्वमा रहेका यी पात्रहरुको सहित अनेक व्यक्तिको नाम लिएर उनले एउटै निचोड पटक-पटक दिएका छन्, - म एक्लो दोषी कसरी हुन सक्छु ? । तथापि, आफुलाई एक्लै दोषी करार गर्न खोजिएको भन्दै उनले गत आइतबारको बयानमा भनेका छन्, 'जहिले पनि बृहस्पति एक्लो हुन्छ ।'



बयानका क्रममा जसजसको नाम सम्माननीय प्रधानन्यायाधीशले उल्लेख गर्नुभएको छ, समितिले आवश्यक ठह्र्याएका, कानुनले दिएका र आवश्यक देखिएका व्यक्तिहरुलाई बोलाउँछौं ।

**राम बहादुर बिष्ट**
**जेष्ठ सदस्य**
**महाअभियोग सिफारिस समिति**

विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं

- सञ्चारमाध्यमले आफ्नो प्रभाव, पहुँच र लोकप्रियताका आधारमा विज्ञापनको दर कायम गरौं ।
- विज्ञापन दरमा छुट दिनेभए सो समेत उल्लेख गरौं ।
- निर्धारित दर सार्वजनिक गरौं र विज्ञापन बोर्डमा समेत पठाऔं ।
- तोकिएको दर र छुटको सिमामा रही कारोबार गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## आरोपको खण्डन गर्न प्रत्यारोपको साहारा

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २८ भदौ ।

कार्यपालिकासँग साँठगाँठ गरेको, गलत फैसला गरेर न्यायमा आँच पुर्‍याएको, सेटिङमा मुद्दाको पेशी तोकेर आर्थिक लाभ लिएको, भौत्तिक संरचना निर्माणमा अनियमितता गर्ने गरी निर्णय लिएको जस्ता आरोपलाई समातेर १ फागुन २०७८ मा ९८ जना सांसदले पदीय मर्यादा विपरितको आचरण देखाएको, न्यायपालिकाको गरिमा नबचाएको भनी महानअभियोग दर्ता गरेका थिए ।

मुख्य यी आरोपलाई प्रतिनिधिसभाको महाअभियोग सिफारिस समितिले ४३ वटा प्रश्नमा ढालेर प्रश्नावली तयार पारेर जबराको बयान लियो । आफुमाथि जति धेरै प्रश्नहरु तयार पारेर बयान लिइयो उसै गरी जबराले पनि दर्जन बढी प्रत्यारोप बयानकै क्रममा लगाएका छन् ।

जबरालाई लागेको गम्भीर आरोप हो - कार्यपालिकासँग साँठगाँठ गरेको । यो प्रश्न मंगलबार पनि जबराले सामना गरे । समितिका जेष्ठ सदस्य बिस्टले सोधे, 'मन्त्री नियुक्तिमा सौदाबाजी गरेको आरोप छ । यसबारे आफ्नो जवाफ प्रस्तुत गर्नुहोस् ।' जबराले जवाफ दिए, 'यो प्रश्न नआएको भए हुन्थ्यो । धेरै कुरा खोल्दा राम्रो हुन्न ।' अर्थात, निलम्बित प्रधानन्यायाधीश जबराले सौदाबाजी गरेर मन्त्रिपरिषदमा भाग लिएको आरोप अस्वीकार गरेका हुन् । प्रधानमन्त्री शेरबहादुर देउवाले जबराका जेठान गजेन्द्र हमाललाई उद्योगमन्त्री बनाएका थिए । तर चर्को विरोधपछि उनले दुई दिनपछि नै राजीनामा दिए । जबराको बयान लिइरहेको महाअभियोग सिफारिस समितिले मंगलबार मन्त्री नियुक्तिमा सौदाबाजी गरेको आरोपबारे जबरालाई सोधेको हो । जवाफ दिने क्रममा जबराले यस्ते प्रश्न नआएको भए हुन्थ्यो । धेरै कुरा खोल्दा राम्रो हुन्न । भनेर धेरै कुरा खोलेका छन्, विगतका बयानमा खोलिसकेका छन् ।

पहिलो दिन नै जबराले बिभिन्न सवालहरु – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## श्रम सम्झौता कार्यान्वयन गरी मलेसियामा हुने अनुचित चलखेल हटाउने छु : राजदूत पौडेल



**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ भदौ

मलेसियाका लागि नवनियुक्त नेपाली राजदूत डिल्लीराज पौडेलले नेपाल र मलेसियाबीचको श्रम सम्झौताको पूर्ण कार्यान्वयन गराई उक्त मुलुकको वैदेशिक रोजगारी सुरक्षित र व्यवस्थित गरिने बताएका छन् । कार्यभार सम्हाल्न मलेसिया जाने तयारीमा रहेका राजदूत पौडेललाई मंगलबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघले आफ्नो कार्यकक्षमा बधाई तथा शुभकामना र बिदाइको कार्यक्रम राखेको थियो ।

संघका तर्फबाट संयोजक विमलप्रसाद ढकालगायतका व्यवसायीहरूले मलेसियाको रोजगारीका अवसर र चुनौतीका विषयमा ध्यानाकर्षण गराएपछि नवनियुक्त राजदूत पौडेलले उक्त धारणा राखेको संघका सह संयोजक तथा पूर्वअध्यक्ष प्रेमबहादुर कटुवालले बताए ।

नेपाली युवायुवती खाडी मुलुक र मलेसियामा वैदेशिक रोजगारमा जाने गरेको तर मलेसियाको हिस्साको पल्लाभारी हुँदै आएको र त्यसबाट मुलुकको रेमिट्यान्समा पुगेको योगदान र दीर्घकालीन महत्वका विषयमा आफू जानकार रहेको भन्दै राजदूत पौडेलले आफ्नोतर्फबाट समस्याहरूको समाधानका लागि उच्चतम प्रयास हुने विषयमा विश्वस्त हुन संघ नेतृत्वलाई आग्रह गरे । राजदूत पौडेलले करीब ९ सय वैदेशिक रोजगार व्यवसायी संस्थाहरू क्रियाशील रहेको सन्दर्भमा संस्था अनुसारका समस्या समाधान गर्न साधन तथा श्रोतले नभ्याउने भन्दै व्यवसायीहरूको छाता संस्थालाई संघमार्फत समस्या राख्न आग्रह गरे ।

छलफलमा नेपाल र मलेसियाबीच सन् २०१८ मा सम्पन्न श्रम सम्झौतामा उल्लेखित संयुक्त कार्यदल 'ज्वाईन्ट वर्किङ कमिटी'को बैठक निकट भविष्यमा नेपालमा आयोजना गर्ने तयारी भएको र उक्त कार्यदलको छलफलपछि हाल मलेसियाको रोजगारीमा चर्चामा रहेको कमिसनको अनुचित चलखेल अन्त्य गर्ने सम्भावना रहेको राजदूत पौडेलको टिप्पणी रहेको छ ।

व्यवसायीहरूले मलेसियामा नेपाली सुरक्षागार्डको डिमाण्ड प्रमाणीकरणमा केही समययता ढिलाइ भएको, नेपाली कामदारले कराररमा उल्लेखित अवधि सकिएपछि पनि बिदामा घर फर्किन समय कुर्नुपर्ने जस्ता विषयमा गम्भीरता देखाइदिन समेत राजदूत पौडेलको ध्यानाकर्षण गराएका छन् ।

कार्यक्रममा संयोजक ढकाल, सहसंयोजक कटुवाल, कार्य समिति सदस्य रघुनाथ पुरी, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार एबोसिएसनका अध्यक्ष कुमुद खनाल, पूर्व अध्यक्ष किरण किशोर घिमिरे, सल्लाहकार – बाँकी पृष्ठ २ मा

## अलमलमा उपेन्द्र

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ भदौ ।

सिट भागबण्डाबारे निरन्तर चलिरहेको सत्तारुढ दलका शीर्ष नेताहरुको बैठक मंगलबार पनि निष्कर्षमा पुग्न सकेन । प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा दिनहुँ बस्ने बैठकमा नेताहरुले अडान छोडेका छैनन् । १६५ प्रतिनिधिसभा र ३३० प्रदेशसभा सदस्यका लागि हुने निर्वाचनमा सत्तारुढ पाँच दलले साझा उम्मेद्वार उठाउने तयारी गरिरहेका छन् ।

कार्यदल गठन गरेर सैद्धान्तिक सहमति पनि जुटाएको छ । भागबण्डा गर्न मुलतः चार वटा सैद्धान्तिक मापदण्ड बनाइएको छ । ०७४ को चुनावमा जितेको सिट, त्यही चुनावमा पाएको समानुपातिक मत, ०६९ को स्थानीय चुनावको नतिजा र दलहरुको संवेदनशीलतालाई आधार मान्ने सहमति जुटेको छ ।

तर हरेक दलले सकेसम्म धेरै सिट लिने उद्देश्य राख्दा प्रतिनिधिसभा सदस्यमै सहमति जुट्न सकेको छैन । सरकारको नेतृत्व गरेको नेपाली कांग्रेसले सय सिट नजिकको दावी गरिरहेको छ । त्यसो गर्दा बाँकी ६५ सिट बाँकी चार दलले भागबण्डा गर्नुपर्ने हुन्छ । तर माओवादी केन्द्र एक्लैले ६० सिट मागिरहेको छ । ०७४ को चुनावमा एमालेसँग तालमेल गर्दा पनि माओवादीले उत्तिकै संख्या पाएको थियो ।

जबकी यसपटक नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय जनमोर्चालाई पनि गठबन्धनबाटै सिट दिनुपर्नेछ । एकीकृत समाजवादीले २५ सिट, जसपाले ३२ र जनमोर्चाले २ सिट मागेको छ । तर सहमति जुट्न नसक्दा पहिले समानुपातिक तर्फको सूची टुंगो लगाउनेतिर दलहरु लागिपरेका छन् । आगामी ३ असोजभित्रै समानुपातिक तर्फको नामावली बुझाउनुपर्ने हुन्छ ।

गठबन्धनमा कुरा नमिल्दा जसपाका अध्यक्ष उपेन्द्र यादव भने अलमलमा देखिन्छन् । उनी गठबन्धनको दुई वटा बैठकमै गएनन् । यादवले कम्तिमा ३२ सिटमा दावी गरिरहेका छन् । मधेश प्रदेशमा रहेको प्रभाव कायमै राख्न पनि यति सिट आवश्यक पर्ने यादवको दावी छ । तर गठबन्धनका बाँकी कांग्रेस, माओवादी र एकीकृत समाजवादीले यादवको दावी बमोजिम – बाँकी पृष्ठ २ मा

### आरोप प्रत्यारोपमा शीर्षस्थ नेता

## चुनावी एजेण्डा कस्तो होला ?

एकातिर राजनीतिक दलप्रतिको बढ्दो वितृष्णा अर्कातिर नेताहरुबीचको आरोपप्रत्यारोपले जनतामा नैराश्यता छाएको देखिन्छ । तर पनि, उनीहरुको ध्यान चुनावदेखि चुनावसम्म सत्ताकब्जा गर्ने बाहेकमा देखिदैंन ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २८ भदौ ।

आगामी मंसिरमा हुने प्रतिनिधिसभा निर्वाचन नजिकिँदै गर्दा नेताहरु भने एजेण्डा र योजना भन्दा पनि आरोपप्रत्यारोपमै ब्यस्त देखिन थालेका छन् । नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द र नेकपा एकीकृत समाजवादीका नेताहरु आरोपप्रत्यारोपमै उत्रिन थालेका हुन् ।

अझ विशेषगरी सत्तागठबन्धनमा रहेका दलहरु एकातिर र एमाले अर्कातिर भएर एकअर्कोको चर्को विरोध गर्दै आएका छन् । सोही क्रममा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सत्तागठबन्धनको जन्म अपराधिक उद्देश्यबाट भएको प्रतिक्रिया दिएका छन् । 'अहिलेका सरकार पक्ष गठबन्धन आपराधिक उद्देश्यका लागि परमादेशबाट जन्मिएको, जनादेशबाट होइन, 'यस्तो सरकार, जसले परराष्ट्र सम्बन्ध बिगारेको छ, राष्ट्रियता खतरामा पुर्‍याएको छ,' उनले भने, 'स्वाधीनता, स्वतन्त्रताको उपयोग गर्ने हिम्मत नै गर्दैन ।'

प्रतिक्रियावादीहरुसँग मिलेर एमालेलाई तथानाम गाली गर्दैमा भोट नपाउने उनको भनाई छ । त्यस्तै, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले एमालेसँग विचार नभएको तर, सूर्य चिन्ह मात्रै भएको बताएका छन् । 'एमालेमा विचार सिद्धान्त हुँदैन, त्यही सूर्य चिह्न छ, मदन भण्डारी भन्ने छन् । मदन भण्डारीको ठाउँमा केपी ओली बनाउन खोजिएको छ' उनले भने, 'विचारमा बहस हुँदैन । सबैले आफ्नो पद प्रतिष्ठाको लागि काम गर्ने गरेका छन् । त्यही स्वार्थका लागि मिल्छन् ।' – बाँकी पृष्ठ २ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२९ भदौ २०७९, बुधबार
14 September 2022, Wednesday

# मतपत्र छपाइको प्रक्रिया शुरु




**काठमाडौं/मस–** निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि मतपत्र छपाइको प्रक्रिया शुरु गरेको छ । जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट समानुपातिक निर्वाचनको मतपत्र छाप्न प्रक्रिया शुरु भएको आयोगका सहप्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिए ।

नमूना मतपत्र छाप्ने कार्य सम्पन्न भएपछि समानुपातिकको मतपत्रको प्रक्रिया अगाडि बढाइएको हो । आयोगले यही भदौ १५ देखि आगामी असोज १ गतेसम्म उम्मेदवारको नामको बन्द सूची तयार गर्न राजनीतिक दललाई समय तोकेको छ । दलले असोज २ र ३ गते आयोगमा बन्द सूचीमा रहेका उम्मेदवारको नाम पेश गर्नुपर्ने छ ।

सम्बन्धित पार्टीले सूचीमा रहेका उम्मेदवारको नाम सच्याउन चाहेमा असोज ४ देखि ९ गतेसम्म गर्नुपर्ने र त्यसका आधारमा आयोगले १० देखि १६ गतेसम्म संशोधनको समय सिमा राखेको छ । त्यस्तै उम्मेदवारले नाम फिर्ता लिन चाहेमा १७ गतेको तालिका तय गरिएको छ । रिक्त स्थानमा परिवर्तन गर्नुपर्ने नाम दलले २० देखि २२ गतेसम्म आयोगमा बुझाउनुपर्ने व्यवस्था छ । त्यस्तै २३ देखि २९ गतेसम्म दावी बिरोधका लागि समय राखिएको छ । यही असोज ३० देखि कात्तिक ५ गतेसम्म आयोगले जाँचबुझ गरी ८ गते सूचीबाट नाम हटाउने छ । आयोगले कात्तिक ९ गते अन्तिम नाम प्रकाशन गर्ने कार्यतालिका छ ।

# साढे नौ हजार बढीमा डेंगु संक्रमण

**काठमाडौं/मस–** नेपालमा डेंगु संक्रमितको संख्या साढे ९ हजारभन्दा बढी पुगेको छ । दश महिनामा ७५ जिल्लाका ९ हजार ८ सय ३५ जनामा डेंगुको संक्रमण देखिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार डेंगुको संक्रमण सबैभन्दा बढी बागमती प्रदेशमा ७ हजार ४ सय ४० जनामा भएको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा ६६ जनामा संक्रमण पुष्टि भएको छ ।

यस्तै लुम्बिनी प्रदेशमा १३ सय ५६, प्रदेश १ मा ३ सय २०, सुदूरपश्चिममा २ सय ७१, गण्डकीमा २ सय २ र मधेश प्रदेशमा १ सय ८० जनामा डेंगु संक्रमण पुष्टि भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

यसैबीच काठमाडौं महानगरपालिकाले डेंगु नियन्त्रण गर्न प्रत्येक वडामा एक लाख रुपैयाँसम्म प्रदान गरेको छ । डेंगुको प्रकोप रोक्नका लागि केही समय अगाडिबाट नै विशेष कार्यक्रम सञ्चालन गरेको महानगरले जनाएको छ । वडाको आकार अनुसार ठूला वडाहरुमा १ लाख, मध्यमका लागि ७५ हजार तथा साना वडाहरूमा ५० हजार रुपैयाँका दरमा बजेट छुट्याएको महानगरले जनाएको छ ।

लामखुट्टेले थोरै भन्दा थोरै पानी भएको ठाउँबाट पनि बच्चा फैलाउने भन्दै सडकमा हिँड्दा बोतलको बिर्को जति सानो कुरा छ भने पनि उल्टाइदिन महानगरले आग्रह गरेको छ ।

# प्रहरी र बन्दुकधारी समूहबीच गोली हानाहान

**जनकपुरधाम/मस–** धनुषाको गणेशमान चारनाथ-४ पोर्ताहास्थित चारनाथ खोलामा प्रहरी र बन्दुकधारी समूहबीच गोली हानाहान हुँदा एक जना घाइते भएका छन् । प्रहरीचौकी पोर्ताहाबाट खटिएको प्रहरी टोली र बन्दुकधारी समूहबीच गोली हानाहान हुँदा प्रहरीको गोली लागेर धनुषाको गणेशमान चारनाथ नगरपालिका-५ निवासी ३० वर्षीय गणेशबहादुर बुढाथोकी घाइते भएको प्रहरीले जनाएको छ ।

खोलामा बन्दुकधारी समूहलाई प्रहरीले रोक्न खोज्दा फायर गरेपछि प्रहरीले गरेको जवाफी कारबाहीमा परेर बुढाथोकी घाइते भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले जानकारी दिए । प्रहरीको गोली लागि घाइते अवस्थामा पक्राउ परेका बुढाथोकीको प्रादेशिक अस्पताल जनकपुरधाममा उपचार भइरहेको र उनको अवस्था सामान्य रहेको प्रहरी नायब उपरीक्षक क्षेत्रीले बताए ।

पक्राउ परेका बुढाथोकीको साथबाट एक थान भरुवा बन्दुकसमेत बरामद भएको प्रहरीले जनाएको छ । ती समूहका अन्य व्यक्ति भने फरार भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक क्षेत्रीले बताए ।

## आरोपको...

उठाएका थिए । पाँचौं दिनसम्म आइपुग्दा उनले आफुमाथि लागेका आरोपहरुको खण्डन गर्दै बचाउका निम्ति प्रश्न गर्नेहरुमाथि नै प्रश्न उठाइदिए । जबराले आफूमाथि प्रतिशोधका आधारमा महाअभियोग लगाइएको पटक-पटक जिकिर गरे । आफ्नो जिकिर पुष्टि गर्न उनले महाअभियोग लगाउनु र संसदमा अड्काएर राख्नुलाई बलियो प्रमाणका रुपमा देखाउने प्रयास गरे ।

**मण्डलेको संज्ञा**

आफूमाथि लागेका आरोपहरुलाई उनले प्रतिनिधिसभा विघटन र पुनस्थापना हुने फैसला गर्ने संवैधानिक इजलासका अन्य न्यायाधीशरुलाई मुछ्ने प्रयास गरे । न्यायाधीशहरुको नामै लिएर गम्भीर प्रश्नहरु उठाए ।

न्यायाधीशरुलाई समेत मिलाएर काम गर्न नसक्नु कार्यक्षमताको प्रश्न भएको र कार्यक्षमता नभएपछि महाअभियोग लगाउने आधार तयार भएको भनी सोधिएको प्रश्नमा जबराको बयान छ, 'बेञ्चको कुरा आयो । हरिकृष्ण कार्की हरेक मुद्दा हेर्न पन्छिनु हुन्छ (हुन्थ्यो) । ओलीजीको एजी (महान्यायाधीवक्ता) भएको भन्नुहुन्छ (हुन्थ्यो) । तर, आफूलाई स्वार्थ परेको मुद्दा हेर्नुहुन्छ (हुन्थ्यो)' ।

कामु प्रधानन्यायाधीशमाथि पनि जबराको कडा प्रहार छ, 'यो (महाअभियोग) फिर्ता लिन्छौं, एक डेढ महिना तपाईं काम गर्नुस्, एक डेढ महिना पछाडि दीपक (दीपककुमार कार्की) लाई दिए हुन्छ भनेर पोलिटिकल पार्टीका शीर्ष नेताले भनेको । मैले त खोलिदिएको छु सार्वजनिक रुपमा ।'

कामू प्रधानन्यायाधीश दीपककुमार कार्कीमाथि प्रधानन्यायाधीश पदको लोभले आफूविरुद्ध आन्दोलनको नेतृत्व गरेको आरोप लगाएका जबराले न्यायाधीश हरिकृष्ण कार्कीमाथि दोहोरो भूमिका खेलेको आरोप लगाएका छन् ।

न्यायाधीश प्रकाशमानसिंह राउतमाथि आचारणजन्य आरोपसहित उनको व्यक्तिगत विषयमा टिप्पणी गरेका थिए । न्यायाधीश ईश्वरप्रसाद खतिवडामाथि संकेत गर्दै 'इमेल पठाएको' भनी कटाक्ष गरेका छन् ।

नेपाल बार एशोसिएसनका तत्कालीन पदाधिकारी समेत जबराको आरोपमा परेका छन् । नेपाल बारका निवर्तमान अध्यक्ष चण्डेश्वर श्रेष्ठ र महासचिव लीलामणि पौडेलमाथि न्यायाधीश पदमा भागबण्डा खोजेको आरोप छ । सर्वोच्च अदालत बार एशोसिएसनका अध्यक्ष पूर्णमान शाक्यमाथि मुद्दा मिलाउन सिफारिस गरेको आरोप जबराले लगाएका छन् ।

जबराले भनेका छन्, 'तत्कालीन बारका अध्यक्ष र महासचिवले न्यायाधीश माग गर्नुभएको थियो । अर्को पूर्णमान शाक्यको पनि स्वार्थ स्पष्ट थियो । यो विषय बोल्दा पनि नहुने, नबोल्दा पनि नहुने आरोपित भएर बस्नुपर्ने ?'

बयानका क्रममा जबराले आफुविरुद्ध बोल्ने पूर्व न्यायाधीशहरुलाई मण्डलेको संज्ञा दिए । जबरालाई पूर्वन्यायाधीश, नागरिक समाज सबैले प्रधानन्यायाधीशको काममा गम्भीर प्रश्न खडा गरेको, नेपाल बारले आन्दोलन गरेको अवस्थामा महाअभियोग अति आवश्यक भएको आरोपबारे प्रश्न सोधिएको थियो । जवाफमा जबराले भनेका छन्, 'मण्डलेले नै नेतृत्व गरेको छ । जस्तो टोपबहादुर सिंह, हिजोको मण्डले हो । उसले नेतृत्व गरेको छ । त्यसपछि (पवनकुमार) ओझाजी, त्यसपछाडि सबै गर्ने चाहिं घनघोर मण्डले भनेको शम्भु खड्का हो ।' निलम्बित प्रधानन्यायाधीश जबराले थपेका छन्, 'आफ्नो कार्यक्षेत्रभन्दा बाहिर गएर गैरकानुनी माग राख्ने ? गैरकानुनी काम गर्ने ? यस्तोलाई त कानुन बमोजिम बन्द गर्नुपर्ने हो ।'

आफनाविरुद्ध चार पूर्वप्रधानन्यायाधीशले पनि बोलेको भन्दै जबराले पूर्व भएपछि मध्य भागमा नै बस्न खोजेको आरोप पनि लगाए । पूर्व भएपछि पनि प्रवृत्तिमा सुधार नआएको भन्दै उनले भने, उहाँहरुले जहिले पनि आफूलाई न्यायाधीश नै मान्नुभयो ।' न्यायाधीशहरुले पूर्व भएपछि आफूले न्याय सम्पादन गरेको अदालतमा वकालत गर्न नपाउने र सर्वोच्चका न्यायाधीशहरुले केही पनि गर्न नपाउने भन्दै जबराले भनेका छन्, 'अनि गर्ने के त भन्दा यही न्यायापालिकामा हेर्ने हो । यो न्यायपालिकामा हेर्ने भनेको तीन चिज हो, एउटा मुद्दामा इन्ट्रेस्ट, एउटा न्यायाधीश नियुक्तिमा इन्ट्रेस्ट, एउटा न्यायाधीश र कर्मचारी सरुवामा इन्ट्रेस्ट । यो भन्दा बढ्ता केही होइन ।'

प्रधानन्यायाधीश जबराको राजीनामा माग गर्दै नेपाल बार एशोसिएसनले आन्दोलन गरिरहेका बेला पूर्वन्यायाधीश समाजले पनि ५ कात्तिक २०७८ मा विज्ञप्ति जारी गर्दै जबराले राजीनामा दिनुपर्ने बताएको थियो । जबराले राजीनामा दिनुपर्ने बताएको समाजले त्यसो नगरे प्रतिनिधिसभा संवैधानिक कर्तव्य (महाअभियोग)तर्फ अग्रसर हुनुपर्ने बताएको थियो ।

साथसाथै, निलम्बित प्रधानन्यायाधीश जबराले वकिलहरुमाथि पनि लाञ्छना लगाए । उनले वरिष्ठ अधिवक्ता रमण श्रेष्ठलाई नामै लिएर ठालुको संज्ञा दिएका छन् भने अधिवक्ता ओम प्रकाश अर्यालको चरित्रमाथि प्रश्न उठाएका छन् ।

पूर्वप्रमहरुको नामै किटेर आलोचना

आफूविरुद्धका महाअभियोगमाथि बयान दिने क्रममा निलम्बित प्रधानन्यायाधीश जबराले निरन्तर रुपमा प्रत्यारोप गरे । यसक्रममा उनले पूर्वप्रधानमन्त्रीहरु, पूर्वअर्थमन्त्रीहरुको पनि नाम लिएका छन् ।

जबराले सर्वोच्च अदालतको भवन ठेक्कामा भएको भनिएको भ्रष्टाचार सम्बन्धी आरोपमाथिको प्रश्नमा उनले पूर्ववर्ती सरकारका प्रधानमन्त्री केपी शर्मा ओली र पूर्वअर्थमन्त्री विष्णु पौडेलको नाम लिए ।

सर्वोच्च अदालतको भवन निर्माणमा भ्रष्टाचार भएको सम्बन्धमा सोधिएको प्रश्नमा जबराले सकारात्मक शब्दमा जवाफ दिए । उनले भनेका छन्, 'सर्वोच्च अदालतको भवन निर्माण सम्बन्धमा अति मेहनत परेको छ । तत्कालीन अर्थमन्त्रीज्यू अहिले यहाँ नै हुनुहुन्छ । उहाँको सौहार्दपूर्ण सहयोगात्मक सहयोग नभएको भए अनि तत्कालीन प्रधानमन्त्रीज्यू सकारात्मक नहुनुभएको भए त्यहाँ एकदमै जटिल अवस्था थियो । अहिलेको अवस्थामा बन्ने नै थिएन, आउने नै थिएन ।' यो पूर्वप्रधानमन्त्री र पूर्व अर्थमन्त्रीलाई प्रत्यारोप भन्दा बचाउका निम्ति भएको टिप्पणी भएको छ ।

तर, महाअभियोग लगाउने राजनीतिक दलका नेतृत्वको त नामै लिएर कडा प्रहार गरे । राजनीतिक दलहरुले न्यायालयलाई ध्वस्त पार्न आफूलाई महाअभियोग लगाएको टिप्पणी गर्दै उनले महाअभियोग लगाउने राजनीतिक दलका नेतृत्वको नामै किटेर मुछ्ने प्रयास गरे ।

बयानमा जबराले भनेका छन्, 'मेरो बयानले सिंगो न्यायपालिकालाई नै असर पर्‍यो भन्ने कुराहरु बाहिर आइराख्या छन् । यसलाई कसरी समायोजन गर्ने भन्ने कुरो म आफैंले गम्भीर रुपमा बुझ्न सकेको छैन ।'

अझ अगाडि बढेर जबराले नेताहरुको नामै लिए, 'नेपाली कांग्रेसको डिनाजी (कांग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय डिना) लाई हुन्छ । उहाँ मकहाँ आउनुभएको हो, यसमा मैले प्रचण्डजी र शेरबहादुरजीसँग सल्लाह गरेर तपाईंसँग कुरा गर्न आएको हुँ । यसलाई हामी फिर्ता लिइदिन्छौं, तपाईंले मिलाएर राजीनामा दिए हुन्छ ।' कांग्रेस सहमहामन्त्री डिनाले के भनेर पनि जबराले सुनाए, 'प्रचण्डजीको पनि सहमति, प्रधानमन्त्रीजीसँग पनि बसेर कुरा गरेर आएको हुँ भन्नुहुन्थ्यो ।'

जबराले पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल लगायतको पनि नाम लिएका छन् । 'फागुन एक गते माधव नेपालको मुद्दा (१४ जना सांसदको मुद्दा) थियो । 'गठबन्धनलाई सिध्याउन खोज्ने ?', छाती पिटेर 'यी हामीले महाभियोग ल्याएको हो' भन्नुभयो । (महाभियोग लगाएकोमा संकेत गर्दै) 'यी हामीले सिध्यायौं 'भन्नुभएको हो । यसरी अगाडि बढाउँदै लैजाँदा त भइहाल्छ नी । यो भन्दा बढ्ता दुःखद के छ र ?' जबराको भावुक बयान छ ।

## श्रम...

चिरञ्जीवी बस्याल, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष राजेन्द्र भण्डारी, नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका महासचिव कुन्छा दोर्जे डिम्दोङ्ग, उपाध्यक्ष परमेश्वर अधिकारी, समाजवादी वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष अख्तर हुसैनलगायतको उपस्थिति रहेको थियो ।

## अलमलमा...

सिट संख्या दिन तयार छैनन् । त्यसो हुँदा यादवले भने प्रमुख विपक्षी दल नेकपा एमाले र अर्को दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) सँग समेत छलफल बढाएको नेताहरु बताउँछन् । ०७४ मा यादवले लोसपाकै नेताहरुसँग तालमेल गरेका थिए । त्यसबेला लोसपामा रहेका नेताहरु राष्ट्रिय जनता पार्टीमा थिए भने यादवको संघीय समाजवादी फोरममा थिए ।

उनी निकट एक नेताका भनाइमा, सत्ता गठबन्धनबाट ३२ सिट भन्दा कम भाग लिएर अहिलेकै हैसियत समेत जोगाउन कठिन पर्नेछ । देशभर संगठन नभएकाले यादवले मधेश प्रदेशमै बढी जोड दिनुपर्ने हुन्छ । तर टिकट नपाएर नेताहरुले अर्को पार्टी प्रवेश गरेमा समानुपातिक मत घट्ने जोखिम बढी छ । तसर्थ उपेन्द्र यादव जुनसुकै विकल्पमा तयार रहेको ती नेता बताउँछन् ।

## आरोप...

त्यस्तै, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालले एमालेको झण्डा अब बाँदरको हातमा थमाउनुपर्ने अवस्था आउनसक्ने बताएका छन् ।

'त्यो जमात अब क्रान्तिकारी रहेन, कम्युनिस्ट चरित्रलाई कायम राख्न सकेन, मार्क्सवादको मूल्य र मान्यतासँगै जनताको बहुदलीय मूल्य र मान्यतालाई तिलाञ्जली दिएको छ । त्यो नारायणी नदीमा बगाइदिसकेको छ । पार्टीको झण्डा उठाउन मजदुर किसान नचाहिने भएकाले गैंडालाई थमाइएको एमालेको झण्डा अबका दिनमा बाँदरका हातमा सुम्पिएर बोक्ने अवस्था आउनेछ, उनले भने । साथै, उनले गठबन्धनमा कार्यकर्ताले इमान्दारिता देखाएर एमाले हराउनुपर्ने पनि बताएका छन् ।

नजिकिँदो चुनावलाई लक्षित गरेर गाउँगाउँमा एजेण्डा र योजना बोकेर जानुको सट्टा नेताहरु एकअर्कालाई गाली गर्नमा मात्रै केन्द्रित छन् । एकातिर राजनीतिक दलप्रतिको बढ्दो वितृष्णा अनि अर्कातिर नेताहरुबीचको आरोपप्रत्यारोपले जनतामा नैराश्यता छाएको देखिन्छ । तरपनि, उनीहरुको ध्यान चुनावदेखि चुनावमा जाने र सत्ताकब्जा गर्ने बाहेकमा देखिदैंन ।


## नारायण नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**नयाँबजार, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९।०५।२८ गते**

नारायण नगरपालिका नगर कार्यर्यपालिकाको कार्यालय, दैलेखको शिलबन्दी दरभाउपत्र E-Bidding माध्यमबाट खरीद कार्य गराउनु पर्ने भएको हुँदा नेपाल सरकारबाट मान्यता प्राप्त ईजाजत प्राप्त WHO GMP Certified कम्पनीबाट उत्पादित औषधि तथा स्वास्थ्य सामाग्री बिक्रेता व्यबसायी फर्म तथा कम्पनीहरुले औषधीहरु तथा औषधी जन्य सामाग्रीहरु सिलबन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस सुचनामा उल्लेखित सेवा सर्तको अधिनमा रहि तोकिएको समय भित्र रितपूर्वकको सिलवन्दि बोलपत्र आह्वान गरिएको छ ।

**तपशिल**

१ वोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन भित्र कार्यालय समयभित्र नविकरण भएको फर्मको इजाजत प्राप्त पत्र, आन्तरिक राजश्व कार्यालयमा मू.अ.कर दर्ता भएको प्रमाण पत्र, आ.ब. ०७७।०७८ को कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाणपत्रहरु (मान्यता प्राप्त नोटरी पब्लिकद्धारा) प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । दरभाउपत्र दाता खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको,यो खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र व्यबसायी सम्बन्धी कसुर सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा पत्र समेत सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्ने छ । तर कालोसूचीमा परेको व्यक्ति, फर्म, संस्था वा कम्पनीको सञ्चालकले आफ्नो पूर्ण वा आंशिक स्वामित्व कायम रहने गरी खोलेको नयाँ फर्म, कम्पनी वा संस्था वा निज आफैं वा निज समेतको नाममा भैरहेको अर्को फर्म, संस्था वा कम्पनीले दरभाउपत्र पेश गर्न पाइने छैन । विद्युतिय संचारको माध्ययमवाट वोलपत्र पेश गर्न फर्म वा व्यवसायीहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयको singal portal(www.ppmo.gov.np) eGP-1मा गई थप जानकारी प्राप्त गर्न, बोलपत्र Download गर्न र बोलपत्र दाखिला गर्न सक्नेछ ।

२. खरिद गर्न लागिएका औषधी तथा सामाग्रीहरु कुनै पनि उत्पादनको सम्बन्धित उत्पादकले गरेको परिक्षणको प्रमाणपत्र अनिवार्य पेश गर्नु पर्नेछ । खरिद गरिएका औषधि तथा साधनहरुको वितरण पश्चात पनि गुणस्तरको सम्बन्धमा शंका लागेमा नमुना संकलन गरी सम्बन्धीत निकायमा परीक्षणका लागि पठाउनु परेमा सोको परिक्षण गर्दा लाग्ने परिक्षण शुल्क सम्बन्धित आपूर्ति कर्ताले नै व्यहोनु पर्नेछ ।

३. खरिद गरिने औषधि तथा औषधी जन्य सामाग्रीहरु विश्व स्वास्थ्य संगठन कुशल उत्पादक प्रक्रिया (WHO GMP Certified) कम्पनीहरुको मात्र औषधी आपूर्ति गर्नुपर्नेछ र सप्लाई हुने औषधीको प्रत्येक पत्ता (Strip) बोतल, भाइल, टयुब र सो को प्याकिङ्गमा समेत उत्पादन मिति, एक्सपायर मिति, व्याच नम्बर अनिवार्य रुपमा लेखिएको र सो को उपयोग अवधि (Expired Date) यस कार्यालयमा प्राप्त भएको मितिले कम्तीमा ७५ प्रतिशत हुनु पर्नेछ । औषधि तथा औषधी जन्य सामाग्रीहरुको प्याकिङ्गमा म्याद कम भएको औषधि तथा जन्य सामाग्रीहरु प्राप्त हुन आएमा फिर्ता गर्न बाधा पर्ने छैन ।

४. सप्लाई गर्ने औषधी Bottle भएमा प्लाष्टिक बोतलमा र Tablets & Cap,Strip मा सप्लाई गर्नु पर्ने छ । खरिद भएका दरभाउपत्रहरु रित पूर्वक भरि आवश्यक कागजातहरु संलग्न राखी १६ (सोह्र) औं दिनको १२:०० बजे भित्र कार्यालयमा दर्ता गराउनु पर्नेछ । अन्यथा मान्यता दिईने छैन । दर्ता भएका सम्पूर्ण शिलबन्दी दरभाउपत्र फर्म वा निजको आधिकारीक प्रतिनिधिहरुको र कार्यालयको प्रतिनिधीहरुको रोहवरमा सोहि दिनको २:०० बजे खोलिने छ । दरभाउपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिहरु अनुपस्थित रहेमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

५. वोलपत्रपेश गर्दा नियमानुसारको धरौटी रकम सिलवन्दी वोलपत्र साथ कम्तिमा ७५ दिन म्याद भएको जमानी पत्र (विड वण्ड) वा यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य वैक दैलेख शाखामा रहेको ४०१०१००३०३००००२ धरौटी खातामा धरौटी वापतको रकम जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखि विद्युतीय संचार माध्यमवाट वोलपत्र पेश गर्ने फर्म वा व्यवसायीहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयको माथि उल्लेखित वेभ साइटमा लगईन गरी बोलपत्रसाथ पेश गर्नुपर्ने कागजातहरुको क्अबललभम अयउथ अपलोड गर्नुपर्नेछ । यसरी सहभागी हुने बोलपत्रदाताहरुले तोकिएको वोलपत्र दस्तुर वापतको रकम यस कार्यालयको रा.वा.वैंक दैलेखमा रहेको आन्तरीक राजस्व खाता नं ४०१०१००३०१०१०००२ मा जम्मा गरेको भौचरको क्अबल अयउथ समेत पेश गर्नुपर्ने छ । सिलवन्दी वोलपत्र स्वीकृत भएपछि आफूले कवोल गरेको अंकको ५ प्रतिशतले हुने रकम तथा १५ प्रतिशत भन्द वढि घटेकोमा घटी कवोल अंक को ५० प्रतिशतमा ५ प्रतिशत थप गरी सोही धरौटी खातामा जम्मा गरेको बैंक भौचर पेश गर्नु पर्नेछ ।

६. ठेक्का अवधी भर कुनै पनि मुल्य बृद्धि दिईने छैन ।

७. शिलबन्दी दरभाउपत्रमा अंक र अक्षर दुबैमा प्रष्ट सग लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउमा अनिवार्य सहिछाप भएको हुनुपर्नेछ ।

८. नियमानुसार लाग्ने कुनै पनि कर, दस्तुरहरु ठेकेदार स्वयंमले ब्यहोनु पर्नेछ ।

९. म्याद नाघी वा रित नपुगी वा कुनै शर्त राखि पेश हुन आएको शिलबन्दी दरभाउपत्र उपर कुनै पनि कारबाही गरिने छैन ।

१०. दरभाउपत्र सम्बन्धी सूचनामा कुनै संशोधन भएमा कार्यालयको सूचना पाटीमा टास गरिनेछ ।

११. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१२. यस सूचनामा लेखिएको हकमा यसै सूचना बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधित) र नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

१३. शिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको फोन नम्बर ०८९–४१०२०१ मा सर्म्पक गर्न सकिनेछ ।

**तपसिलः**

| क्र. सं. | ठेक्का नं. | विवरण | लागत अनुमान(मु.अ.कर सहित) (रु.) | विडबण्ड रकम (रु.) | दरभाउपत्र खरिद दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ५।०७९।०८० | औषधीहरु तथा औषधी जन्य सामाग्रीहरु खरिद तथा सप्लाई कार्य । | १२,६०,१००।–(अक्षेरुपी बाह्र लाख साठ्ठी हजार एक सय मात्र) | ३१,५००।– (अक्षेरुपीः एकत्तिस हजार पाँच सय मात्र) | १०००।– | कार्यालयको स्टोरसम्म ढुवानी आपूर्तिकर्ता स्वयमले व्यहोर्नु पर्नेछ |

**प्रमुख प्रशासकीय अधिकृत**



## कुबेत र कतारमा रोजगार

१. कम्पनीः IMPERIAL LOGISTICS SERVICES
शहरः Kuwait

पूर्व स्वीकृत मितिः २०७९/०४/२६ चलानी नं.: ६०१८५१५१ LT. No.: 269492 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 150 | 50 | स. काममा दक्ष | 85 | ३५,००३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः DUBAI CLEANING OFFICE
शहरः QATAR, DOHA
पूर्व स्वीकृत मितिः २०७९/०५/२८ चलानी नं.: ६०१८७६२१ LT. No.: 271872

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Public Administrative | 2 | 0 | सम्बन्धित काममा दक्ष | 3000 | १०४,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 2 | 0 | | 1400 | ४८,५८० | | | | | | | |
| 3. | Driver | 2 | 0 | | 1400 | ४८,५८० | | | | | | | |
| 4. | General Clean Worker | 7 | 0 | | 1000 | ३४,७०० | | | | | | | |
| 5. | Forman | 1 | 0 | | 2500 | ८६,७५० | | | | | | | |
| 6. | Representative | 1 | 0 | | 2200 | ७६,३४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ५ गते (21 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

TRIVENI HR SOLUTION PVT. LTD. PATHWAYS TO EMPLOYMENT
Govt. Lic. No. 1174/073/074

**Triveni Hr Solution Pvt. Ltd.**
Samakhusi, Kathmandu, Tel.: 01-4987601, 01-4987608,01-4989258
Mobile: 9847259822, 9818618887, 9861133194, 9851007872, 9818465637
Email: triveni.overseas341@gmail.com, info@trivenihr.com



## साउदी रोजगार

कम्पनीः BASHAER AL-MANTEKA INSTITUTION FOR CONTRACTING
शहरः Saudi Arabia,Dammam

पूर्व स्वीकृत मितिः २०७९/०४/०१ चलानी नं.: ६०१८३३७५ LT. No.: 267349 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air Conditioning Mechanic Assistant | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४०,७५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Painer | 2 | 0 | | 1200 | ४०,७५२ | | | | | | | |
| 3. | Electric Cooling And Conditioning | 1 | 0 | | 1200 | ४०,७५२ | | | | | | | |
| 4. | General Building Carpenter | 1 | 0 | | 1200 | ४०,७५२ | | | | | | | |
| 5. | Insulator Installation Technician | 2 | 0 | | 1200 | ४०,७५२ | | | | | | | |
| 6. | Laborer | 2 | 0 | | 1200 | ४०,७५२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असोज ५ गते (21 Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**फ्यूचर माईन्डस् प्रा. लि.**
श्रम ईजाजत नं. १०२८/०६८/०६९
एयरपोर्ट, सिनामंगल, काठमाडौं, फोन : ४१११०४४, फ्याक्स : ४१११०४४
E-mail : info@futureminds.com.np, futuremindshr@gmail.com, www.futureminds.com.np

# दुई सय ९० स्थानीय तहमा बालसंरक्षण कार्यविधि

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
**राष्ट्रिय बाल अधिकार परिषद्**
श्रीमहल, पुल्चोक, ललितपुर

**काठमाडौं/मस-** बालअधिकार महासन्धीको कार्यान्वयनका क्रममा हालसम्म मुलुकका दुई सय ९० स्थानीय तहमा बालअधिकार संरक्षण तथा संवर्द्धनसम्बन्धी कार्यविधि तर्जुमा गरिएको छ । राष्ट्रिय बालअधिकार परिषद्को आव २०७८/७९ को तथ्याङ्कअनुसार दुई सय छ स्थानीय तहमा स्थानीय बालअधिकार समिति गठन र दुई सय तीन तहमा बालकल्याण अधिकारी तोकिएको छ। यस्तै एक सय ८० तहमा बालकोष स्थापना भई सञ्चालनमा आएको छ ।

राष्ट्रिय योजना आयोगको सन् २०२० को तथ्याङ्कअनुसार पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ता दर ७७.२ प्रतिशत पुगेको छ । नेपालमा बालश्रम प्रतिवेदन, २०२१ अनुसार नेपालमा अझै पनि पाँचदेखि १७ वर्ष उमेर समूहका १५.३ प्रतिशत बालबालिका श्रममा संलग्न छन् ।

नेपालले बालअधिकार महासन्धीमा १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको सन्दर्भमा हरेक वर्ष भदौ २९ मा मनाइने राष्ट्रिय बाल दिवसको पूर्वसन्ध्यामा आज आयोजित राष्ट्रिय कार्यशालामा बालबालिकासम्बन्धी ऐनका मुख्य व्यवस्थाको कार्यान्वयनका लागि स्थानीय सरकार थप जिम्मेवार हुन आग्रह गरिएको छ ।

बालमैत्री स्थानीय शासनको अवधारणालाई प्रभावकारी प्रवर्द्धन तथा स्थापनाका लागि बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्चले बालदिवसका सन्दर्भमा वर्ल्ड भिजन इन्टरनेशनल नेपालको सहयोग र जागृति बाल तथा युवा सरोकार नेपालको सहकार्यमा सो कार्यक्रम गरेको हो । बालमैत्री स्थानीय शासन अभियानको प्रगति, चुनौती र भावी कार्यदिशाका विषययमा आयोजित सो कार्यशालामा स्थानीय तहमा बालमैत्री शासनको प्रवर्द्धन हुनुपर्ने बताइएको थियो । बालविवाह, भेदभाव, महिनावारी समस्या, बालबालिकालाई फरकफरक शौचालयको कमी, यौन हिंसा, अपहेलना, सामाजिक कुरीति, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र अपाङ्गता भएका बालबालिकालाई दुर्व्यवहार, अनलाइन हिंसा जस्ता समस्याका रूपमा बालबालिकाको चौतर्फी विकासका बाधकका रूपमा कायमै रहेको वक्ताहरुको भनाइ छ ।

कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका पूर्वआयुक्त गौरी प्रधानले बालबालिकाका लागि सवल वातावरण सबै उमेर समूहका लागि सहज हुने तर अरु उमेर समूह केन्द्रित वातावरण सबैका लागि सवल नहुने बताइन् । त्यसका लागि बालबालिकामा लगानी बढाउन जरुरी रहेको उनले बताइन् ।

कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका बाल संरक्षण तथा विकास शाखाका उपसचिव कृष्ण थापा, बालअधिकार परिषद्का तर्फबाट डा. देवकी आचार्य, परिषद्का पूर्वकार्यकारी निर्देशक मिलनराज धरेल, मञ्चका संयोजक अध्यक्ष तिलोत्तम पौडेल, नागरिक संघसंस्थाको सञ्जालका तर्फबाट बेनुमाया गुरुङलगायतले बालअधिकारको संरक्षणका लागि स्थानीय तहले सक्रियता अपनाउनुपर्नेमा जोड दिएका थिए ।

नेपाल सरकारका पूर्वसचिव रेश्मीराज पाण्डेले कानूनी तथा नीतिगत हिसाबले सवल बालअधिकार तथा बालमैत्री अभियानलाई विद्यमान व्यवस्थाको समयानुकूल संशोधनका साथ कार्यान्वयनमा विशेष जोड दिए । यस वर्षको राष्ट्रिय बालदिवस 'बालमैत्री समाजको आधारः जिम्मेवार परिवार, उत्तरदायी समाज' भन्ने नाराका साथ देशव्यापीरूपमा मनाउन लागिएको छ ।

# १ करोड राशिको 'भवन कीर्ति रत्न पुरस्कार' महावीर पुनलाई



**काठमाडौं/मस-** राष्ट्रिय आविष्कार केन्द्रलाई १ करोड रुपैयाँ धनराशिको भवन कीर्ति रत्न पुरस्कार प्रदान गरिएको छ ।

गैरआवासीय नेपाली संघ र बीबी फाउण्डेशनको संयुक्त पहलमा काठमाडौंमा सोमबार एक कार्यक्रम आयोजना गरी महावीर पुन नेतृत्वको राष्ट्रिय आविष्कार केन्द्रलाई उक्त पुरस्कार प्रदान गरिएको हो ।

पुरस्कार ग्रहण गर्दै अध्यक्ष पुनले आविष्कार केन्द्रलाई माथिल्लो स्तरमा पु-याउन आवश्यक रहेको बताए । उनले एउटा मात्रै आविष्कार केन्द्रहरु नभइ धेरै भन्दा धेरै आविष्कार केन्द्र खोल्नुपर्नेमा जोड दिए ।

आविष्कार केन्द्रहरु खोलेर देशको अर्थतन्त्र सुधार्न सके देशलाई कसैले पनि हेप्न नसक्ने उनको भनाइ थियो ।

कार्यक्रममा ओसो तपोवन नेपालका संस्थापक स्वामी आनन्द अरुणले नेपाल प्रत्येक वर्ष गरिब बन्दै गएको बताए ।

बिबी फाउण्डेसनका अध्यक्ष एवं गैरआवसीय नेपाली संघका पूर्वअध्यक्ष भवन भट्टले १०औं सम्मेलनका अवसरमा उक्त पुरस्कारको घोषणा गरेका हुन् । 'भवन कीर्ति रत्न' पुरस्कार हरेक दुई-दुई वर्षमा प्रदान गरिने छ ।

# नक्कली पेस्तोल देखाएर मोबाइल लुट्ने दुई जना पक्राउ

**काठमाडौं/मस-** नक्कली पेस्तोल देखाई लुटपाट गरेको अभियोगमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सिन्धुपाल्चोक साँगाचोक गढी नगरपालिका-६ घर भई काठमाडौं हाँडीगाउँ बस्ने ४१ वर्षीय बाल सुन्दर सापकोटा र ४० वर्षीय अर्जुन कार्की रहेका छन् ।

उनीहरुलाई २ थान नक्कली पेस्तोल र सोको ५ थान गोलीसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ । काठमाडौं महानगरपालिका-३१ कात्यायनी मन्दिर नजिक कपिल श्रेष्ठको केएस मोबाईल पसलमा सापकोटासहित २ जनाले नक्कली पेस्तोल देखाई तीन थान मोबाईल लुटपाट गरेको प्रहरीले जनाएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मितिः २०७९/०५/२९**
**चार्म मेडिसिन प्रा.लि. (Charm Medicine Pvt. Ltd.)**को मिति २०७९/०५/२५ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **चार्म ट्रेडर्स प्रा.लि. (Charm Traders Pvt. Ltd.)(प्रा. लि. नं.: २९३८९५)** साथै परिवर्तित ठेगाना का.म.न.पा.–२५, काठमाडौं कायम गर्ने गरी मिति २०७९/०५/२७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# 'दलितलाई शिक्षा र रोजगारीमा आरक्षण हुनुपर्छ'

**मोरङ/मस-** जनता समाजवादी पार्टी(जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले दलितलाई शिक्षा र रोजगारीमा आरक्षण हुनुपर्ने बताएका छन् । प्रदेश नं १ योजना आयोगद्वारा आयोजित दलित सशक्तीकरणका लागि 'दलित समुदायको वर्तमान अवस्थामा : समस्या र समाधान' विषयक दुई दिने कार्यशाला गोष्ठीको उद्घाटन गर्दै उनले जनसंख्याको आधारमा दलित समुदायलाई निःशुल्क आवासीय शिक्षा र रोजगारीको पूर्ण आरक्षण गरेमा समाजमा रहेको असमानता एवं भेदभाव अन्त्य हुने बताए ।

अध्यक्ष यादवले वर्तमान संविधान संशोधन गरी दलितलाई राजनीति, संवैधानिक आयोगलगायत सबै क्षेत्रमा प्रतिनिधित्व गरेमा असमानता हट्ने विचार राखे। उनले दलितविरुद्धको भेदभाव अन्त्य गर्न कानूनको कडाइका साथ कार्यान्वयन आवश्यक छ भन्दै उनीहरुको सीपलाई प्रविधिसँग जोड्न सके आर्थिक आयआर्जनसहित मुलुकको समृद्धिमा सघाउ पुग्ने विश्वास व्यक्त गरे ।

प्रदेश नं १ का आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीले समाजमा चेतनाको स्तरवृद्धि गरी दलित समुदायप्रति हुने भेदभाव अन्त्य गर्न आवश्यक रहेको धारणा राखे । प्रदेश नं १ का स्वास्थ्यमन्त्री जयराम यादवले हामी आफैंले आफ्नो घरपरिबारबाट सुधार गरी समाजमा रहेको विभेद गर्न आग्रह गरे ।

सामाजिक विकासमन्त्री राजन राईले मर्यादित आन्दोलन र कानुनी कारबाहीबाट दलितमाथि हुने भेदभाव अन्त्य गर्न सकिने विश्वास व्यक्त गरे । प्रदेशसभा सदस्यत्रय उमिता विश्वकर्मा, कल्पनाकुमारी सरदार र राधा थापाले राज्यका साथै सञ्चारमाध्यमले दलितमाथि हुने असमान व्यवहारका सम्बन्धमा भेद्भाव गरेको आरोप लगाए ।

प्रदेश योजना आयोगका उपाध्यक्ष डा पूर्णकुमार लोक्साम, सदस्यद्वय डा ज्ञानेन्द्रबहादुर कार्की, अन्जु खड्का र दलित आयोगका सदस्य तुन्ज बराइलीलगायतले दलित समुदायलाई माथि उठाउन राज्यले विशेष योजना ल्याउनुपर्ने धारणा राखेका थिए ।

दुई दिने गोष्ठीमा दलित समुदायले भोग्नुपरेका समस्या सामाजिक, धार्मिक, सांस्कृतिक, आर्थिक, शैक्षिक, स्वास्थ्य, न्यायिक, राजनीतिक, राज्यका सबै अङ्गमा प्रतिनिधित्व एवं पहुँच विषयमा गहन छलफल गरी समाधानका उपायबारे सुझाव एवं निष्कर्ष निकालिने विनोदकुमार विश्वकर्माले बताए । उक्त छलफलमा ७४ जिल्लाका दलितसँग सम्बन्धित सङ्घसङ्गठनका प्रतिनिधिको सहभागिता रहेको छ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**दावी विरोध सम्बन्धी वैदेशिक रोजगार विभागको सूचना**
**सूचना प्रकाशित मिति :२०७९/०५/२९**
नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त संस्था श्री **द लिंक फर रिक्रुमेन्ट कन्सल्टेन्सी प्रा.लि. (इ.प.नं. ६१५/०६३/०६४)**, तपसिल बमोजिमका सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु तपसिल बमोजिमका खरिदकर्तालाई बिक्री गरी दिई खरिदकर्ताको नाममा शेयर दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेना देनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| साविक शेयरधनीहरुको नाम/शेयर संख्या | अब कायम हुने शेयरधनीको नाम/शेयर संख्या |
|---|---|
| १. दमनध्वज चन्द (कि.नं. ०१ देखि २००००)<br>२. अशोक कुमार शाह (कि.नं. २०००१ देखि ६००००) | १. दिपक कुमार राय (कि.नं. ०१ देखि ४५०००)<br>२. डिकेन्द्र थापा (कि.नं. ४५००१ देखि ५२५००)<br>३. महेश सुवेदी (कि.नं. ५२५०१ देखि ६००००) |

**माइग्रेसन सर्टिफिकेट हरायो**
**मिति २०७९/३/७ गते लेले ललितपुर बाट लगनखेलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालयमा वा निम्न ठेगानामा बुझाइदिनुहुन अनुरोध गर्दछु ।**
**NAME : AAYUSH MAHAT**
Reg No.: 762511034
Address : Godawari-5, Lele, Lalitpur
Contact : 9813344064

**मत्स्य मानव संसाधन विकास तथा प्रविधि परीक्षण केन्द्र**
**जनकपुरधाम**
**भूल सच्याईएको बारे**
मत्स्य मानव संसाधन विकास तथा प्रविधि परीक्षण केन्द्र जनकपुर धामबाट मिति २०७९/०५/२८ गत प्रकाशित Invitation For Bids सम्बन्धी सूचनामा ठेक्का नं.:- FISHERIES/JNK/NCB/WORKS/03/2079–80 संग सम्बन्धित कार्यको (VAT वाहेक) अनुमानित लागत अंक रु. ९३३८२९६।११ हुनुपर्नेमा अन्यथा हुन गएकोले यसै सूचना मार्फत सच्याईएको व्यहोरा अनुरोध छ ।

# नक्कली नोट र मोटरसाइकलसहित पक्राउ

**सिरहा/मस-** नक्कली नोट र भारतीय मोटरसाइकलसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा भारतको मधुवनी मधिया ग्राम पंचायत १४ बस्ने १९ वर्षीय राजु सहनी रहेका छन् ।

जिल्लाको बरियारपट्टी गाउँपालिका -१ बडहरीस्थित इलाका प्रहरी चौकी कचनारीबाट खटिएको प्रहरी टोलीले सहनीलाई पक्राउ गरेको हो। उनी दशगजामा लागेको ईन्द्र पुजा मेलाबाट पक्राउ परेको प्रहरीले जनाएको छ ।


नास्ता खानका लागि होटल पुगेका सहनीलाई प्रहरीलाई चेकजाँच गर्दा उनको साथबाट ५०० रुपैयाँको ४ थान नक्कली नोट बरामद गरेको थियो । यस्तै, बिआर ३२ एएफ ५१०१ नम्बरको मोटरसाइकलसहित सहनीलाई प्रहरीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ। थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता एवम् डिएसपी सुभाष बुढाथोकीले जानकारी दिए ।

## पाँच वटा विधेयक प्रमाणीकरण

**काठमाडौं/मस-** राष्ट्रपति विद्यादेवी भण्डारीले पाँच वटा विधेयक प्रमाणीकरण गरेकी छिन् । उनले संघीय संसदको दुवै सदनबाट पारित भई प्रमाणीकरणको लागि पेश हुन आएका विधेयक प्रमाणीकरण गरेकी हुन् । राष्ट्रपतिले तथ्यांकसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ लाई संशोधन गर्न बनेको विधेयक, प्रत्यायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, सार्वजनिक पदधारण गर्ने व्यक्तिको शपथ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र योगमाया आयुर्वेद विश्वविद्यालयको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रमाणीकरण गरेकी हुन् ।

नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम मंगलबार ती विधेयक प्रमाणीकरण गरेको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

**कुसे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
जाजरकोट, कर्णाली प्रदेश
**गाउँबासीहरुलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश**
**स्वास्थ्य सम्बन्धी सचेतना**
**१) गर्मीयाममा अपनानुपर्ने कुराहरु**
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्या ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।
**२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरु ।**
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ/खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन/आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४/६/८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔं ।
**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने**
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको विगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नाङ्गो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।
**४) झाडापखलाबाट बच्न निम्न उपायहरु अपनाऔं ।**
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।
ङ) आफ्नो घर, आँगन सफा राखौं ।



**MALAYSIA मा रोजगार** | कम्पनी : **YEKA PLASTICS INDUSTRIES SDN.BHD.**
शहरः **JOHOR**
पूर्व स्वीकृत मितिः २०७९/०२/०३ चलानी नं.: ६०१७९२९३ LT. No.:262984 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ असोज ५ गते (21 September 2022) मा हुनेछ ।**

